# म्याग्दे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः२ संख्याः१ प्रकाशन मितिः

**भाग-२**

## म्याग्दे गाउँपालिकाको संस्था दर्ता तथा नविकरण कार्यविधि-२०७६

प्रमाणिकरण मितिः२०७६/०३/२५

# स्थानीय राजपत्र

**म्याग्दे गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड :०२) असोज २,२०७६ साल (अतिरिक्ताङ्क ३

## म्याग्दे गाउँपालिका संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७६

### संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न को लागी प्रचलनमा रहेको संघीय कानुनमा भए देखी बाहेक थप कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,स्थानीय सरकार संचालन एन २०७४ को दफा १०२ उपदफा (२) र म्याग्दे गाउँपालिका प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग गरि म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६/०६/२ को बैठकबाट यो कार्यविधि पारित गरिएको छ ।

म्याग्दे गाउँपालिका

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "म्याग्दे गाउँपालिको संस्था दर्ता तथा नविकरण्क कार्यविधि, २०७६" रहेकोछ ।

(२) यो कार्यविधिको विस्तार म्याग्देगाउँपालिकाभर हुनेछ ।

(३) योकार्यविधिस्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि,-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ।

ख) "स्थानीय अधिकारी" भन्नालेप्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ग) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(घ)"कार्यक्षेत्र" भन्नाले म्याग्दे गाउपालिकालाई कार्यक्षेत्र बनाई मुख्य कार्यलय गाउँपालिकाभित्र संचालन भएकोलाई सम्झनुपर्छ()

(ङ)"तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने** : यसकायविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. **संस्थाको दर्ता** : (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्थासम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारीसमक्ष निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना ।

म्याग्दे गाउँपालिका

(२) उनियम  (१) बमोजिमको निवेदन प्राप्त भएपछि : स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा अनुसूची( २ बमोजिमको दर्ता किताबमा सस्था दर्ता गर्नुपर्नेछ र त्यसरी संस्था दर्ता गरिसकेपछि अनुसूची - ३ बमिजिमको दर्ताको प्रमाण-पत्र दिनेछ।

५. **संस्था दर्ता गर्न इन्कार गर्न सकिने** : (१) देहायको कुनै अवस्थामा स्थानीयअधिकारीले दर्ता गर्न इन्कार गर्न सक्नेछ :-

(क) प्रस्तावित संस्थाको नाम अघि दर्ता भई कायम रहेको कुनै संस्थाको नामसँग मिल्ने भएमा वा भ्रम सिर्जना हुन सक्ने गरी त्यस्तो संस्थाको नामसँग मिल्दोजुल्दो हुने भएमा,

(ख) प्रस्तावित संस्थाको नाम वा उद्देश्य प्रचलित कानून विपरीत भएमा वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचार आदि कुनै दृष्टिकोणले अनुपयुक्त वा अवाञ्छनीय देखिएमा वा फौजदारी कार्यको आशय झल्कने देखिएमा,

(ग) यस कार्यविधि बमोजिम संस्था दर्ता  हुनको निमित्त आवश्यक शर्तहरु पुरा नभएमा ।

(२) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर नेपाल सरकारले तोकेको अधिकारी समक्ष उजूर गर्न  सक्नेछ ।

(३) उपदनियम(२) बमोजिमको उजूर प्राप्त भएपछि नेपाल सरकारले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(४) यस नियम अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर नियम ५(१)बमोजिम हुनेछ ।

**५.१ दर्ताको अवधि, नवीकरण र दस्तुर :**

१. अनुसूची ३ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ।

२)  उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले स्थानीय अधिकारीबाटपाचसय रुपैंया दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ।

३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले

उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :-

क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. १००।-

ख) खण्ड(क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०।-

ग) खण्ड(ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु. ५००।- को दरले दुई आर्थिक वर्षको लागि रु. १,०००।-

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एकहजार रुपैंयाका दरले थप जरिबाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पाच वर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा स्थानीय अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको लागि एकसय रुपैंया दस्तुर लिई एकै पटक पाच वर्षसम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ

(७) उपनियम (३) र (५) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गरेको जानकारी स्थानीय अधिकारीले नेपाल सरकार, गृह मन्त्रालयलाई दिनु पर्नेछ।

६. **संगठित संस्था मानिने** : (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ ।

७.**संस्थाको सम्पत्ति** : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले  जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

८. **अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने** : यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानूनबमोजिम दर्ता नभइ स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महीनाभित्र यो ऐनबमोजिम दर्ता गराउनु पर्नेछ ।

९. **संस्थाको उद्देश्यहरुमा हेरफेर** : (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्तावउपर छलफल गर्न संस्थाको विधान बमोजिम असाधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्यसंख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१०. **हिसाबको विवरण पठाउनु पर्ने** : प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारीकहाँ पठाउनु पर्नेछ ।

११. **हिसाब जाँच गर्ने** : (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य  हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो

संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

१२. **निर्देशन दिने** : स्थानीय सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१३. **दण्ड सजाय** : (१) नियम ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा नियम७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही दुई हजार रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(२)नियम १० बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा १० उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) नियम  ११ को उपनियम (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँचसय रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(४) नियम ९ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा स्थानीय सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१४. **पुनरावेदन** : नियम १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१५. **संस्थाको विघटन र त्यस्को परिणाम** : (१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा म्याग्दे गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व म्याग्दे गाउँपालिकाले व्यहोर्नेछ ।

## अनुसूची – १

### (नियम ४ सग सम्बन्धित)

### निवेदनपत्रको ढाचा

श्री प्रमुख प्रशासकीयअधिकृत,

म्याग्दे गाउँपालिका ,गाउँ कार्यपालिकाको कार्यालय ,

महोदय,

हामीले ............................ सम्बन्धी संस्था खोल्न चाहेकोले म्याग्देगाउँपालिका संस्था दर्ता तथा कायविधि, २०७६ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नाम :-

२. संस्थाको उद्देश्यहरु :-

(क)

(ख)

(ग)

३. प्रबन्ध समितिका सदस्यहरुको

नाम ठेगाना पेशा

(क)

(ख)

(ग)

४. आर्थिक स्रोत :-

५. कार्यालयको ठेगाना :-

म्याग्दे गाउँपालिका

मिति :-

भवदीय

पदाधिकारीहरुको नामः

म्याग्दे गाँउपालिका

अनुसूची-२

नियम५.१

सग सम्बन्धित)

**दर्ता कितावको ढाचा**

**संस्थाको दर्ता किताव**

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको **पदाधिकारी** एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

म्याग्दे गाउँपालिका

अनुसूची-३

(नियम ४.१संग सम्बन्धित)

प्रमाण-पत्रको ढाचा

संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष/सचिव

............................ ।

.................................. (संस्थाको नाम) म्याग्देगाउँपालिका संस्था दर्ता तथा कार्यविधि, २०७६ को नियम५.१ बमोजिम .......... साल .......... महिना .......... गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत सहीः-

पूरा नाम :-

दर्जा :-

कार्यालय :-

## नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | प्रमुख प्रशासकीय अधिकृत दस्तखत |
|---|---|---|---|

म्याग्दे गाउँपालिका